**नयाँ कोरोनाभाइरस संक्रमण सम्बन्धित विशेष ऋणको सम्बन्धमा डिफर्मेन्ट अवधि विस्तार इत्यादि बारे जानकारी (महत्त्वपूर्ण)**

नयाँ कोरोनाभाइरस संक्रमक रोगको लागि जीवन कल्याण कोषबाट तपाईले लिनुभएको विशेष ऋणको बारेमा, हालको गम्भीर आर्थिक अवस्थालाई ध्यानमा राख्दै स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयले डिफर्मेन्ट अवधि विस्तार (ऋण चुक्ता सुरु नगरेसम्म अनुग्रह अवधि) रेइवा 4 साल (2022साल ) मार्च महिनाको अन्त्य सम्मको लागि विस्तार गर्ने निर्णय गरेको छ।

ऋणको चुक्ता, रेइवा 4साल अप्रिल महिना पछि सुरु हुने भएकोले हामी तपाईलाई जानकारी गराउन चाहन्छौं। कृपया निम्न बुँदाहरू निश्चित गर्नुहोस्।

1. **कुनै प्रक्रिया गर्नु आवश्यक छैन**
   - ❑ यो जानकारीको साथै, डिफर्मेन्ट अवधि विस्तार (ऋण चुक्ता सुरु नगरेसम्म अनुग्रह अवधि) स्वचालित रूपमा रेइवा 4 साल मार्च महिनाको अन्त्यसम्म विस्तार गरिने छ , त्यसैले अवधि विस्तार गर्नको लागि कुनै प्रक्रिया गर्नु आवश्यक छैन।
   - ❑ ऋण तिर्ने (ऋण चुक्ता) रेइवा 4 साल अप्रिल महिना पछि सुरु हुनेछ।

2. **ऋण तिर्ने विधि पछि हुलाकद्वारा सूचित गरिनेछ।**
   - ❑ ऋण तिर्ने सुरु गरिने महिना वा ऋण तिर्ने विधि( निर्दिष्ट खाताबाट निकासी) आदि बारेमा, ऋण तिर्ने सुरुवात हुने बेला सम्ममा तपाईलाई ह्योगोकेन स्याखाई फुकुसी क्योउगीखाईबाट हुलाक मार्फत जानकारी गरिनेछ ।
   - ❑ ऋण तिर्ने महिनाको संख्या र मासिक तिर्ने रकम, तपाईले ऋण लिएको बेलामा फाराममा भर्नु भएको हुँदा कुनै परिवर्तन हुने छैन।

3. **ऋण छूटको प्रक्रिया निर्णय गरिएको छैन।**
   - ❑ ऋण छुट हुन सक्छ, तर यसको लागि आवश्यक कागजातहरू वा प्रक्रियाको सुरु गर्ने समय निर्णय भएको छैन।
   - ❑ भविष्यमा यदी स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयले विशिष्ट प्रक्रिया विधि र प्रक्रियाको सुरु समय आदि प्रकाशित गरियो भने, ह्योगोकेन स्याखाई फुकुसी क्योउगीखाईबाट तपाईलाई हुलाक मार्फत जानकारी गरिनेछ।
   - ❑ थप जानकारीको लागि, ह्योगोकेन स्याखाई फुकुसी क्योउगीखाईको वेबसाइटमा, हालसालै निर्णय गरिएको ऋण छूटको आवश्यकताहरू वर्णन गरिएको हुनाले कृपया हेर्नुहोस्।
     https://www.hyogo-wel.or.jp/topics/corona.php

4. **यदी ठेगाना परिवर्तन भएको छ भने कृपया तुरुन्त प्रक्रिया गर्नुहोस्।**
   - ❑ बसाई सराईले गर्दा तपाईको ठेगाना परिवर्तन भएको वा तपाईको नाम परिवर्तन भएको खण्डमा, कृपया ह्योगोकेन स्याखाई फुकुसी क्योउगीखाईमा तुरुन्त सूचित गर्नुहोस्।
   - ❑ यदी ठेगाना परिवर्तन भएको खण्डमा, सबै भन्दा पहिले,कृपया **"विशेष ऋण कल सेन्टर"** मा सम्पर्क गर्नुहोस्। तपाईलाई प्रक्रियाको लागि आवश्यक फाराम पठाइनेछ।
   - ❑ यदी तपाईले आफ्नो परिवर्तन सम्बन्धी हामीलाई सूचित गर्नु भएन भने, ऋण छूट जस्ता महत्वपूर्ण जानकारी दिन नसक्ने हुन्छ। ठेगाना आदिको परिवर्तन बारेमा अवश्य सूचित गर्नुहोस्।

**यस विषय सम्बन्धमा सोधपुछ**

स्याखाई फुकुसी होउजिन ह्योगोकेन स्याखाई फुकुसी क्योउगीखाई

**विशेष ऋण कल सेन्टर**

टेलिफोन 078-803-8230